आज मिति २०७८।०४।२० गतेका दिन यस चौदण्डीगढी नगरपालिका नगर प्रमुख श्री खगेन्द्र राईज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसियो ।

तपसिल

१. श्री खगेन्द्र राई - नगर प्रमुख
२. श्री रिता कुमारी चौधरी - उप-प्रमुख
३. श्री रोहितमान तामाङ - अध्यक्ष वडा नं. १
४. श्री सन्तोष सुवेदी - " २
५. श्री परशुराम राई - " ३
६. श्री चरण कुमार राई - " ४
७. श्री देव नारायण चौधरी - " ५
८. श्री कमलध्वज राई - " ६
९. श्री तेजराज तिमसिना - " ७
१०. श्री श्याम कुमार मगर - " ८
११. श्री प्रकाश राउत - " ९
१२. श्री रामकुमार खड्का - " १०
१३. श्री देवि कार्की - न.का.स.
१४. श्री आमृका कमार - "
१५. श्री मदन कुमारी कार्की - "
१६. श्री विमला राई - "
१७. श्री अस्मिता नेपाली - "
१८. श्री प्रमिला पखवार - "
१९. श्री सुन्दर प्रकाश साह - "
२०. श्री रामेश्वर कुँवर - नि. प्र. प्रशासकीय अधिकृत

प्रस्तावहरु

१. प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७८ स्वीकृत गर्ने सम्बन्धमा ।
२. प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसूची (TOR) प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।
३. 'घ' वर्गको निर्माण इजाजत दिने सम्बन्धमा ।
४. विभिन्न विपदजन्य घटनाहरुको अनुगमन गर्ने सम्बन्धमा ।
५. सिद्धेश्वरी मा.वि. हाडियाको जग्गा सम्बन्धमा ।
६. मोरखाडी खोलामा बाँध बनाउने सम्बन्धमा ।
७. चप्लेटी खानेपानी उपभोक्ता तथा सर-सफाई समितिको माग सम्बन्धमा ।
८. तामाखोला मुहान गरी चोकटी भुल्के कुलो वडा नं. २ गंगटे

Scanned with CamScanner

# छलफल तथा निर्णयहरू

**नि० नं० १** प्रस्ताव नं० १ माथि छलफल गर्दा यस न०पा० को संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ स्वीकृत गरियो। साथै उक्त कार्यविधि आजको मितिबाट लागू हुने छ।

**नि० नं० २** प्रस्ताव नं० २ माथि छलफल गर्दा यस नगरपालिको द्वारा चालु आ०व० २०७७/७८ को लागी नदिजन्य पदार्थ उत्खनन् तथा संकलन कार्यको लागि तपसिलका खोला तथा नदिहरूको कार्यविवरण (TOR) स्वीकृत गर्ने निर्णय गरियो।

तपसिल

१. द्वारखोला र अप्राह खोलाबाट ढुंगा र गिट्टी उत्खनन गर्ने।
२. त्रियुगा नदी र सिवाई खोलाबाट बालुवा उत्खनन संकलन गर्ने।
३. लामा खोला, माडिवास खोला र त्पलेटी खोलबाट ढुंगा र गिट्टी उत्खनन संकलन गर्ने।
४. द्वारखोला र ज्यामिरेखोलाबाट ढुंगा र गिट्टी उत्खनन् संकलन गर्ने।
५. ढांगे खोला, खैराहा खोला, घोरमुना खोला, काली खोलाबाट ढुंगा र गिट्टी उत्खनन् तथा संकलन गर्ने।

**नि० नं० ३** प्रस्ताव नं० ३ माथि छलफल गर्दा यस न०पा० को 'घ' वर्गको निर्माण इजाजत कार्यविधि अनुसार प्रक्रिया पुरागरी दर्ता हुन आएको निसान भगवती निर्माण सेवा, चौदण्डी पो० ८ लाई 'घ' वर्गको निर्माण इजाजत दिने निर्णय गरियो।

**नि० नं० ४** : प्रस्ताव नं० ४ माथि छलफल गर्दा यस न०पा० का विभिन्न वडाको विभिन्न स्थानहरूमा वर्षा लगाएतको कारण बाट भएको विपदजन्य घटनाहरूको राहत माग भई आएको हुँदा उक्त विपदजन्य सबै घटनाहरूको स्थलगत अनुगमन गरि राहत उपलब्ध गराउने आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो।

नि॰नं॰५ प्रस्ताव नं॰ ५ माथि छलफल गर्दा श्री सिद्धेश्वरी मा॰वि॰ दडियाको जग्गाको भोगाधिकार सम्बन्धमा ९ नं. वडा कार्यालयको च. नं. १०५ मिति २०८०।४।२८ गतेको पत्रमा उल्लेखित व्यहोरा सम्बन्धि आवश्यक कागजातहरु - माग गरि आवश्यक कारबाही अगाडी बढाउने निर्णय गरियो ।

नि॰नं॰६ प्रस्ताव नं॰ ६ माथि छलफल गर्दा बेल्चर माडिवास सडक अन्तर्गत वडा नं. ८ को लामेचौरी स्थित मोरखोडी खोलामा बर्षाको कारण बाटो अवरुद्ध हुने गरी बाधा पुगेको हुँदा उक्त स्थानमा यस गा॰पा॰ को विपद व्यवस्थापन कोषबाट खर्च हुने गरी ह्युमपाइप राखी तत्काल बाटो निर्माण गर्ने निर्णय गरियो ।

नि॰नं॰७ प्रस्ताव नं॰ ७ माथि छलफल गर्दा यस गा॰पा॰ को वडा नं. ८ मा संचालित च्यप्लेटी खानेपानी उपभोक्ता तथा- सरसफाई समितिले यस गा॰पा॰मा ~~दर्ताको लागि~~ निवेदन दिएको हुँदा उक्त संस्थाको संचालक समिति संग बैठक तथा छलफल गरि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

नि॰नं॰८ प्रस्ताव नं॰ ८ माथि छलफल गर्दा यस गा॰पा॰ को वडा नं. ३, ६, ८ र ९ को वडा कार्यालय भवनको थप निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो ।